**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ सितम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- जीएसटी परिषदले जीएसटी दरहरुमा सुधार गर्दै कर युक्तिसंगत बनाउन स्वीकृति दिएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले सुधारहरुको सराहना गर्नुभएको छ।

- केंद्रीय कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज पंजाबमा बाढ़को स्थितिको जायजा लिन पंजाबको भ्रमण गर्नुहुनेछ।

- छत्तीसगढ़को सुकमा जिल्लामा नौ जना महिलाहरुसहित बीस माओवादिहरुले आत्मसमर्पण गरेका छन्।

- नेपालका प्रधानमंत्री के.पी. शर्मा ओलीले चीनको आफ्नो आधिकारिक यात्रा पुरा गर्नुभएको छ।

- एशिया कप हॉकी चैंपियनशिपमा भारतले हिजो सुपर 4 चरणको मैचमा कोरियासित 2-2 गोलको ड्रॉ खेलेको छ।

**सीतारमण - जीएसटी सुधार**

जीएसटी परिषदले आम मानिस, श्रम-प्रधान उद्योग, किसानहरु अनि कृषि, स्वास्थ्य र अर्थव्यवस्थाका लागि जीएसटी दरहरुमा सुधार गर्दै कर युक्तिसंगत बनाउन स्वीकृति दिएको छ। हिजो नयाँ दिल्लीमा मीडियालाई जानकारी दिनु हुँदै वित्त मंत्री निर्मला सीतारमणले भन्नुभयो, आम मानिसहरु अनि मध्यम वर्गको उपयोगको वस्तुहरुमा वस्तु एवं सेवा कर-जीएसटी 18 तथा 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ । उहाँले जानकारी दिए अनुसार जीएसटी परिषदले व्यक्तिगत जीवन बीमा पॉलिसिहरु अनि फैमिली फ्लोटर अनि वरिष्ठ नागरिकहरुका लागि पॉलिसिहरु सहित व्यक्तिगत स्वास्थ्य बीमा पॉलिसिहरुमा जीएसटी छूटलाई मंजूरी दिएको छ। यी सबै बदलाव यस महीनाको 22 तारीख नवरात्रिको अघिलो दिनदेखि लागू हुनेछ| सुश्री सीतारमणले भन्नुभयो, यस कदमको उद्देश्य आम जनताका लागि बीमाको पहुंच बढ़ाउनु हो।

वित्त मंत्रीले 33 जीवन रक्षक औषधिहरुमा जीएसटी 12 प्रतिशतबाट घटाएर शून्य तथा कैंसर एवं दुर्लभ बीमारिहरु अनि अन्य गंभीर बीमारिको उपचारको निम्ति प्रयोग हुने तीन जीवन रक्षक दबाईमा जीएसटी 5 प्रतिशतले घटाएर शून्य गरिएको छ। अन्य सबै दवाइहरु अनि औषधिहरुमा जीएसटी 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ।

वित्त मंत्रीले हेयर ऑयल, टॉयलेट सोप, साबुन, शैंपू, टूथब्रश, टूथपेस्ट, साइकिल, टेबलवेयर, किचनवेयर अनि अन्य घरेलू सामानमा अब केवल 5 प्रतिशत जीएसटी लाग्नेछ।

वित्तमंत्रीले बताउनु भयो, ए सी, 32 इंचभन्दा ठुलो टीवी, डिशवाशिंग मशीन, सानो कार अनि मोटरसाइकिल जस्ता वस्तुहरुमा जीएसटी दर 28 प्रतिशतले घटाएर 18 प्रतिशत गरिएको छ। श्रीमती सीतारमणले भन्नुभयो श्रम-प्रधान उद्योगहरु अनि किसानहरुलाई लाभ पुराउने हेतुका साथ सबै कृषि उपकरणहरुमा जीएसटी 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ।

वित्तमंत्रीको अध्यक्षतामा जीएसटी परिषदको 56 औ बैठक नयाँ दिल्लीमा भएको थियो। परिषदले देशमा अघिलो पीढ़ीको वस्तु एव सेवा कर सुधारहरु, कर दरलाई युक्तिसंगत बनाउन र अनुपालनलाई सरल बनाउनमाथि विचार-विमर्श गरेको थियो।

**प्रधानमंत्री - जीएसटी**

प्रधानमंत्री नरेन्द्र मोदीले वित्त मंत्री निर्मला सीतारमणको जीएसटी दरहरुमा गरिएको अघिलो पीढ़ी सुधारहरुको सराहना गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, सरकारले जीएसटी दरहरुमा कटौतीको निर्णय गरेको छ, जसमा आम मानिसहरु, किसानहरु, एमएसएमई, मध्यम वर्ग, महिलाहरु अनि युवाहरुलाई लाभ हुनेछ। उहाँले भन्नुभयो सरकारले जीवनलाई सहज बनाउने उद्देश्यले जीएसटी दरहरुलाई युक्तिसंगत बनाउने र प्रक्रिया सुधारहरुका लागि एक विस्तृत प्रस्ताव तयार गरेको छ। उहाँले भन्नुभयो, यी सुधार सबैका लागि, बिशेष साना व्यापारिहरु, व्यवसाय र व्यापार गर्न सहजता सुनिश्चित गर्नेछ।

**मुरुगन-जीएसटी**

सूचना एवं प्रसारण राज्य मंत्री डॉ. एल. मुरुगनले भन्नुभयो, प्रधानमंत्री नरेंद्र मोदीले 79 औ स्वतंत्रता दिवसमा अघिलो पीढ़ीको सुधारहरुको आधार राख्नु भएको थियो। उहाँले भन्नुभयो, श्री मोदीले दिवालीभन्दा अघि लाभ दिने निर्णय गरिएको छ।एक सोशल मीडिया पोस्टमा जीएसटी सुधार बारे डॉ. मुरुगनले भन्नुभयो जीएसटी सुधार केवल दरहरुको युक्तिसंगत बनाउनका लागि होइन तर रचनात्मक सुधारहरु अनि जीवन सहज बनाउने बारेमा पनि हो। उहाँले अझ भन्नुभयो, सरकारले शुल्क ढांचाको समस्याहरु अनि वर्गीकरण संबंधी मुद्दाको समाधान गरेको छ अनि यो सुनिश्चित गरेको छ कि जीएसटी सुधारहरु बारेमा स्थिरता बनी रहोस।

**नायडू-जीएसटी प्रतिक्रिया**

आंध्र प्रदेशका मुख्यमंत्री एन. चंद्रबाबू नायडूले जीएसटी परिषदद्वारा अनुमोदित वस्तु एवं सेवा कर सुधारहरुको सराहना गर्नुहुँदै गरीब-हितैषी अनि विकासोन्मुखी बताउनु भयो। एक सोशल मीडिया पोस्टमा, तेलुगु देशम पार्टीका अध्यक्षले दैनिक आवश्यक वस्तुहरु, शिक्षा, स्वास्थ्य सेवा अनि कृषिमा संशोधित स्लैबका साथ जीएसटी सुधारहरुको स्वागत गर्नुभयो|

**पंजाब- शिवराज सिंह चौहान**

केंद्रीय कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज पंजाबमा बाढ़को स्थितिको जायजा लिन पंजाबको भ्रमण गर्नुहुनेछ। केंद्रीय मंत्री बाढ़ले सबैभन्दा अधिक प्रभावित अमृतसर, गुरदासपुर र कपूरथला जिल्ला अन्तर्गतका केहि गांवका प्रभावितहरुलाई भेट गर्नु हुनेछ।

श्री चौहानले भन्नुभयो, केंद्र सरकार संकटको यस समय पंजाबको साथमा छ। राहत उपायहरुको रूपरेखा बनाउनका लागि राज्य अनि केंद्र सरकारका सम्बंधित अधिकारीहरु अनि अन्यको एक उच्च स्तरीय बैठक हुने संभावना छ।

**छत्तीसगढ़ - माओवादियों आत्मसमर्पण**

छत्तीसगढ़को सुकमा जिल्लामा नौ जना महिलाहरुसहित बीस माओवादिहरुले आत्मसमर्पण गरेका छन्।यीनीहरु माथी 33 लाख रुपियाँ रकमको पुरस्कार घोषना गरिएको थियो।यी माओवादिहरुले हिजो सुकमा पुलिस अधीक्षक कार्यालयमा सीआरपीएफका उप-महानिरीक्षक राजेश कुमार पांडे, पुलिस अधीक्षक किरण चौहान र अन्य वरिष्ठ अधिकारिहरुको उपस्थितिमा आत्मसमर्पण गरेका छन्। पुलिस अधीक्षक किरण चौहानले बताउनुभए अनुसार आत्मसमर्पण गर्ने माओवादी कथित रूपमा हिंसाको कैयौं घटनाहरुमा संग्लग्न थिए|

**प्रधान-आंगनवाड़ी**

शिक्षा मंत्री धर्मेंद्र प्रधान अनि महिला एवं बाल विकास मंत्री अन्नपूर्णा देवीले नयाँ दिल्लीको विज्ञान भवनमा स्कूलहरुको साथ आंगनवाड़ी केंद्रहरुको सह-स्थापना हेतु दिशानिर्देशहरुको शुभारंभ गर्नुभयो। श्री प्रधानले भन्नुभयो यो पहल प्रत्येक आमा अनि बच्चाको पूर्ण हेरचाहार सुनिश्चित गर्नेछ अनि राष्ट्रीय शिक्षा नीति 2020 अनुरूप शिक्षाको आधारलाई बलियो बनाउने छ ।

**नेपाल-संसद स्पष्टीकरण**

नेपालका प्रधानमंत्री के.पी. शर्मा ओलीले चीनको आफ्नो आधिकारिक यात्रा पुरा गर्नुभएको छ। नेपालको प्रतिनिधि सभाको हिजो भएको बैठकमा, सांसदहरुले बेजिंगको विदेश मंत्रालय द्वारा जारी एक बयानको माध्यमबाट चीनको प्रस्तावित 'वैश्विक सुरक्षा पहल' र 'वैश्विक सभ्यता पहल' विषयमा नेपालको कथित सहमतिबारे सटीक जानकारी दिनको लागि माग गरेको छ। बैठकको विशेष सत्र अवधी, सत्ता पक्ष र विपक्षी, दुवैले यस विषयमा जोड दिँदै प्रधानमंत्री अनि विदेश मंत्रालयले यस मामिलाका बारेमा सदन समक्ष जवाफ दिनुपर्ने छ भन्दै प्रधानमंत्रीले चीनी विदेश मंत्रालयको त्यस बयानको विषयमा सदन समक्ष स्पष्टीकरण दिनको लागि आग्रह गरिएको छ|

**लिस्बन**

पोर्तुगलको लिस्बनमा ग्लोरिया फनिक्युलर रेलवे कार पटरीबाट खस्यो, जसका कारण , 15 जनाको मृत्यु भएको छ भने अन्य १८ जना घाइते भएका छन्।मृत्यु हुनेहरुमा केही विदेशी नागरिक पनि रहेका छन्|त्यहाँका राष्ट्रपति मार्सेलो डी सूसाले यस घटनामा दु:ख व्यक्त गर्नुभएको छ।

**एशिया कप**

एशिया कप हॉकी चैंपियनशिपमा भारतले हिजो बिहारको राजगीर स्पोर्ट्स कॉम्प्लेक्स स्टेडियममा दोस्रो सुपर 4 चरणको मैचमा कोरियासित 2-2 गोलको ड्रॉ खेलेको छ। भारतले पहिलो हाफमा 1-0 को बढ़त बनाएको भएपनि त्यसपछि धेरै पेनल्टी कॉर्नर पाएको भारतीय टीमले कोरियाई रक्षापंक्ति अघि गति अनि लयलाई यथावत राख्न संघर्ष गर्न परेको थियो।
अर्कोतिर, कोरियाले मौकाको पूर्ण फायदा उठाउदै दुइ पेनल्टी कॉर्नरलाई सफलतापूर्वक गोलमा बदलेर 2-1 को बढ़त बनायो। चौथो क्वार्टरमा भारतले मंदीप सिंहको शानदार फील्ड गोलको मददले स्कोर बराबर गरेको थियो। यस ड्रॉ को साथ, दुवै टीमलाई एक-एक अंक प्राप्त भयो। भारतले आज बेलुकी 7:30 बजे राजगीर स्पोर्ट्स कॉम्प्लेक्स स्टेडियममा अघिलो सुपर 4 चरणको खेल मलेशियासित खेल्नेछ।

**फार्मा जीएसटी प्रतिक्रिया**

दवाइ उद्योगका विशेषज्ञहरुले बताए अनुसार वस्तु एवं सेवा करमा गरिएको सुधारहरुले जीवन रक्षक दवाइहरुको सामर्थ्य बढ़ने छ।

****** ० ******